## देवचुली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) लक्षित वर्गको कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/९/२६)

दोस्रो देवचुली नगरसभाबाट आ.व. ०७५/०७६ का लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम महिला लक्षित तथा दलित, आदिवासी जनजाती अपाङ्गता मधेसी मुस्लिम विपन्न र ज्येष्ठ नागरिक लक्षित कार्यक्रम अर्न्तगत आयमूलक सीपमूलक तथा क्षमता विकास सम्बन्धी तालिम तथा अन्य कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले निम्न शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न इच्छुक तथा योग्यता भएका संघ संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ प्रन्ध दिन ( प्रन्धौ दिन कार्यालय बन्द भएमा सो पछि कार्यालय खुलेको दिन ) भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

### १. शर्तहरु :

- प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको हुनु पर्ने ।
- सम्बन्धित लक्षित वर्गका व्यक्तिहरुबाट संचालित एवं यस नगर क्षेत्रमा क्रियाशिल रहेका संस्थालाई प्राथमिकता दिइने छ ।
- प्रस्तावक संस्थाको न्यूनतम २० % लागत साझेदारी हुनुपर्नेछ, बढी लागत साझेदारी प्रस्ताव गर्ने संस्थालाई प्राथमिकता दिइने छ ।
- एउटा संस्थाले बढीमा २ वटा मात्र प्रस्ताव पेश गर्न सक्नेछ ।
- सहभागिहरुबाट कुनै प्रकारको शुल्क/ रकम लिने गरी प्रस्ताव गर्न पाईने छैन ।
- सहभागिहरु सम्भव भएसम्म सबै वडाहरुबाट समानुपातिक रुपमा छनौट गर्नु पर्नेछ । नगरपालिकाको संयुक्त वडा कार्यालयहरु रहेको स्थान नजिक पर्ने गरी पायक पर्ने स्थानमा कार्यक्रम स्थल छनौट गर्नु पर्नेछ ।
- संलग्न सीप विकास तालिम कार्यक्रमहरु चार प्याकेज सम्म ( रजहर, दिव्यपुरी, प्रगतिनगर, देवचुली) संचालन गर्न सकिनेछ ।
- तालिमका सहभागिहरु नगरकार्यपालिकाको कार्यालयले छनौट गर्नेछ ।

### २. संलग्न हुनु पर्ने कागजातहरु :

- निवेदन प्रस्तावक, संस्था दर्ता/ नविकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि
- VAT दर्ताको प्रमाण पत्रको प्रतिलिपि
- करचुक्ता वा कर छुटको प्रमाण पत्रको प्रतिलिपि
- संस्थाको सम्बन्धित क्षेत्रमा कार्यक्रम संचालन गरेको अनुभव तथा आवश्यक भौतिक सामाग्रीको विवरण
- सम्बन्धित Trade का श्रोत व्यक्तिले तालिम अवधिभर श्रोत व्यक्तिको रुपमा काम गर्न फर्म/संस्था सँग गरेको कबुलियतनामा
- श्रोत व्यक्तिले सम्बन्धित Trade को CTEVT बाट Skill Test पास गरेको प्रमाण - पत्रको प्रतिलिपि

## ३. कार्यक्रम सम्बन्धि विवरण :

| क.स. | कार्यक्रम विवरण | लाभान्वित संख्या | न्युनतम अवधि | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १. | Advanced सिलाई कटाई तालिम | २० जना | ९० दिन | महिला, दलित, आदिवासी, जनजाती, अपाङ्गता मधेसी,मुस्लिम, विपन्न | |
| २. | युवाहरुका लागि प्लम्बिङ्ग तालिम | २० जना | ९० दिन | महिला, दलित, आदिवासी, जनजाती, अपाङ्गता मधेसी,मुस्लिम, विपन्न | |
| ३. | युवाहरुका लागि वायरिङ्ग तालिम | २० जना | ९० दिन | महिला, दलित, आदिवासी, जनजाती, अपाङ्गता मधेसी,मुस्लिम, विपन्न | |

**४**. कार्यालयले सम्झौता गर्दा प्रचलित नर्म्स र खरिद ऐन २०६३ को भावना र मर्म अनुसार हुने गरी गर्नेछ।

**५**. पेश हुन आएका प्रस्तावहरु छनौट गर्ने / नगर्ने सम्पूर्ण अधिकार देवचुली नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ।